# भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भिमाद, तनहूँ
## गण्डकी प्रदेश, नेपाल

प.सं./Ref. No.:- ०७७/०७८
च.नं./Des. No.

फोन नं. ०६५-५७२४३६
मितिः २०७७/०५/१४

**भिमाद नगरपालिकाको अत्यन्त जरुरी सूचना ।**

विश्वव्यापी माहामारीको रुपमा फैलिएको COVID-19 (कोरोना भाइरस) को सङ्क्रमण पछिल्ला दिनमा छिमेकी पालिकाहरु तथा देशका विभिन्न स्थानमा समुदायस्तरमा समेत फैलिएको वर्तमान अवस्थामा COVID-19 (कोरोना भाइरस) को सङ्क्रमण समुदायस्तरमा फैलिन नदिई कोरोना भाईरसको सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि यस नगर क्षेत्र भित्र मिति २०७७/०५/१५ गतेवाट अर्को सूचना जारी नभएसम्म देहाय वमोजिम गर्ने भनी सर्वपक्षीय वैठकवाट निर्णय भएकोले सोको कार्यान्वयनमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

तपसिल

क. जनस्वास्थ्य एवं सुरक्षाका मापदण्ड, भौतिक एवं सामाजिक दुरी अनिवार्यरुपमा पालना गरी प्रत्येक दिन विहान ६.०० वजे देखि विहान ११.०० वजेसम्म व्यापार व्यवसाय संचालन गर्ने, तोकिएको मापदण्ड पूरा नगरी व्यवसाय सञ्चालन गरेको पाईएमा त्यस्ता व्यवसाय सञ्चालन गर्न नदिने ।

ख. बैक तथा वित्तीय संस्थाहरुमा सङ्क्रमण देखिने गरेकोले सम्पूर्ण बैंक, वित्तीय तथा सहकारी संस्थाहरुले आ-आफ्नो कार्यालय परिसरमा आफ्ना सेवाग्राहीहरुलाई पर्याप्त मात्रामा जनस्वास्थ्य एवं सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गराउने प्रबन्ध मिलाइ प्रत्येक दिन विहान १०.०० वजेदेखि १२.०० वजेसम्म संचालन गर्ने ।

ग. अन्यत्र पालिकाहरुवाट यस नगरक्षेत्र भित्र भित्रिने अत्यावश्यक वस्तु ढुवानीका सवारी साधनहरु अनिवार्यरुपमा होल्डिङ सेन्टर (भिमाद नगरपालिका वडा नं. ६ मा रहेको भिमाद वसपार्क) मा २४ घण्टा राखि त्यस पश्चात Disinfection गरेरमात्र सम्वन्धित पसलहरुमा जनस्वास्थ्य एवं सुरक्षाका मापदण्ड अनिवार्यरुपमा पालना गरी अनलोड गर्ने र यो प्रावधान पालना नगर्नेलाई पुनः ढुवानी गर्न नदिने ।

घ. भिमाद नगरपालिकाको प्रवेश विन्दुमा रहेको नाका (भिमाद नगरपालिका वडा नं. ७ को पुलको मुख) मा इलाका प्रहरी कार्यालय भिमाद र भिमाद नगरपालिकाको समन्वयमा कडारुपमा चेकिङ गर्ने ।

ङ. नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह हुने अत्यावश्यक सेवा तथा सिफारिसहरु मात्र अनिवार्यरुपमा जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड र भौतिक एवं सामाजिक दुरी कायम गरी संचालन गर्ने ।

च. अत्यावश्यक वाहेकका निजी तथा सार्वजनिक यातायातका सवारी साधनहरु संचालन नगर्ने नगराउने ।

छ. आम नागरिकहरुले अनिवार्यरुपमा पालना गर्नुपर्ने शर्तहरुः-

- अत्यावश्यक काममा बाहेक घरबाट बाहिर ननिस्कने,
- अत्यावश्यक काममा घर बाहिर निस्कन पर्ने भएमा अनिवार्य रुपमा मास्क लगाउने र समूहमा नहिड्ने,
- भौतिक र सामाजिक दुरी कायम गर्ने,
- केही वस्तुहरु छोएपछि वा घरबाहिरबाट घरभित्र प्रवेश गरेपछि अनिवार्य रुपमा मिचिमिची सावुन पानीले हातधुने वा स्यानीटाईजरको प्रयोग गर्ने,
- स्वास्थ्यमा कुनै समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने,
- सङ्क्रमित स्थान वा देशबाट क्वारेन्टिनमा नबसी विना सूचना समुदायमा प्रवेश गर्ने नागरिकहरुको बारेमा तुरुन्तै वडा वा नगरपालिकामा जानकारी गराउने,
- नित्य पुजापाठ बाहेक सबै प्रकारका शैक्षिक संस्थाहरु एवं तालिम तथा प्रशिक्षण केन्द्रहरु, अनावश्यक भिडभाड, सभा जुलुश, जात्रा महोत्सव, धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरु नगर्ने नगराउने ।

भिमाद नगरपालिका, तनहूँ ।